DeKalb County School District का परिवारहरूलाई अभिवादन,

हामीले विगतका सप्ताह, महिना, वर्ष, तथा दशकहरूमा जातिवाद र असहिष्णुताले अश्वेत समुदाय र अन्य जातीय समुदायलाई कसरी हानी पुर्याइरहेको छ भनेर देखेका छौं । Derek Chauvin को घटनाले धेरैलाई क्रोधित बनाएको छ र धेरै मानिसहरूको मन दुखेको छ ।

मैले आशा गरेकी छु कि यो निर्णयले हाम्रो सरकारी प्रणाली तथा समुदायहरूमा सकारात्मक परिवर्तन ल्याउनेछ । DeKalb County School District (DCSD) ले आफ्नो विविधतालाई सराहना गर्छ, र हामीले केही निश्चित व्यक्तिहरूको व्यवहारका कारण यो महत्त्वपूर्ण विशेषतालाई नजरअन्दाज गर्नु हुँदैन । म हाम्रा सबै शिक्षक, कर्मचारी, आमाबाबु, तथा अभिभावकहरूलाई अनुरोध गर्छु कि हाम्रा विद्यार्थीहरूसँग यस बारेमा कुरा गर्नुहोस् र उनीहरूलाई यो दुःखद घटनाको बारेमा बुझ्न सहयोग गर्नुहोस् ।

## MOSAIC ग्रीष्मकालीन अध्ययन कार्यक्रम

डिस्ट्रिक्टको MOSAIC ग्रीष्मकालीन अध्ययन कार्यक्रमका लागि रजिस्ट्रेसन खुला गरिएको छ । यो कार्यक्रमले शैक्षिक सुधार, शैक्षिक बढोत्तरी, शैक्षिक विकास तथा सामाजिक भावनात्मक शिक्षा मार्फत — स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्मलाई आत्मसात् गर्छ । स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्म हाम्रा विद्यार्थी, हाम्रा शिक्षकहरू, र अध्ययन र अध्यापन गराइने सामाग्रीहरूले बनेको हुन्छ । हाम्रो लक्ष्य भनेको अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू, अशक्तता भएका विद्यार्थीहरू, तथा प्रतिभावान् विद्यार्थी लगायतका सबै विद्यार्थीहरूलाई संलग्न गराउनु हो ।

प्रत्यक्ष, मिश्रित तथा भर्चुअल सिकाइ मार्फत, विद्यार्थीहरूले शिक्षकले नेतृत्व गरेको शिक्षाबाट र विद्यार्थीद्वारा निर्देशित कक्षाहरूबाट लाभ उठाउने छन् जुन जानेबुझेरै गरिन्छ । विद्यार्थीहरू वास्तविक, आकर्षक, तथा अर्थपूर्ण अनुभवहरूमा सहभागी हुने छन् ।

कृपया दर्ता गर्नका लागि यहाँ क्लिक गर्नुहोस् ।

| कार्यक्रम | लक्षित विद्यार्थीहरू | कार्यक्रम हुने मिति | स्वरूप |
|---|---|---|---|
| FLEX Restore | उच्च विद्यालयका पाठ्यक्रम लिइरहेका ग्रेड 8 का विद्यार्थीहरू मात्र र ग्रेड 9-12 | जून 1 – जुलाई 17 | डिस्ट्रिक्टको भर्चुअल |
| FLEX Ahead | ग्रेड 12 का विद्यार्थीहरू | जून 1 – जुलाई 24 | डिस्ट्रिक्टको भर्चुअल |
| उच्च विद्यालयको क्रेडिट रिकभरी | उच्च विद्यालयका पाठ्यक्रम लिइरहेका ग्रेड 8 का विद्यार्थीहरू मात्र र ग्रेड 9-12 | जून 1 – जुलाई 30 (फरक-फरक हुन्छ) | स्थानीय विद्यालयको मिश्रित |
| AP Bridge Camp | कक्षा 9-12 | जुलाईको 1 हप्ता | स्थानीय विद्यालयको मिश्रित |
| Summer Bridge Camp | ग्रेड 6 र 9 मा जाने विद्यार्थीहरू | जुलाई (फरक-फरक हुन्छ) | स्थानीय विद्यालयको मिश्रित |
| विशेष शिक्षाको ESY | विशेष शिक्षाका विद्यार्थीहरू (किन्डरगार्टन देखि ग्रेड 2 सम्म) | जून 7 - जुलाई 16 | डिस्ट्रिक्टको मिश्रित |
| Scholars Academy | कक्षा 3-8 | जून 7 – जुलाई 30 | स्थानीय विद्यालयको मिश्रित |
| Serendipity | कक्षा 1-6 | जून | डिस्ट्रिक्टको भर्चुअल |
| Title I Enrichment Programs | ग्रेड K-12 लर्निङ ब्याकप्याक | जुलाई | स्थानीय विद्यालयको मिश्रित |
| साक्षरता क्याम्प | ग्रेड K-2 | जून 7 – जुलाई 30 | स्थानीय विद्यालयको मिश्रित |
| My Brother's Keeper | MBK का विद्यार्थीहरू | जून 28- जुलाई 2, 2021 | डिस्ट्रिक्टको मिश्रित |

| | | | |
|---|---|---|---|
| Aviation Camp | कक्षा 4-6 | जून 21- जुलाई 2, 2021 | डिस्ट्रिक्टको मिश्रित |
| STEM is LIT | कक्षा 6-8 | जुलाई 19 – जुलाई 29, 2021 | मिश्रित |
| CTAE Enrichment | फरक-फरक छ | जून/जुलाई | मिश्रित |
| लर्निङ ब्याकप्याक (शैक्षिक विकास) | Pre-K देखि ग्रेड 2 सम्म | जून - जुलाई | घर |
| अस्वीकारोक्ति: शैक्षिक विकास, सुधार, क्रेडिट रिकभरी, र शैक्षिक बढोत्तरीका ग्रीष्मकालीन शैक्षिक अवसरहरू राज्य, स्थानीय निकाय, तथा डिस्ट्रिक्टको कोभिड-19 सम्बन्धी स्वास्थ्य निर्देशिकामा निर्भर रहन्छन् । मिति परिवर्तन हुन सक्छ । | | | |
| नोट:<br>• प्रत्यक्ष उपस्थितिका कार्यक्रमहरू शिक्षक तथा विद्यार्थीको 1:15 को अनुपातको साथमा पोड (pod) मा सञ्चालन गरिनेछ ।<br>• मिश्रित कार्यक्रमहरूमा भर्चुअल तथा प्रत्यक्ष सत्र समावेश गरिनेछ । | | | |

## शैक्षिक वर्ष 2021-2022

DSCD ले शैक्षिक वर्ष 2021-2022 को योजना बनाउँदै गर्दा, हामी हाम्रा विद्यार्थी तथा शिक्षकहरूका आवश्यकताहरूको बारेमा विचार गरिरहेका छौं । के कुरा महत्त्वपूर्ण छ भने हामीले निरन्तर रूपमा विद्यार्थी नतिजामा ध्यान केन्द्रित गर्नु पर्दछ र अर्को वर्ष सबै विद्यार्थीहरूका लागि 5 दिनको पूरा समयको शिक्षणको योजना बनाउनु पर्दछ । डिस्ट्रिक्टले भौतिक शिक्षणमा ध्यान केन्द्रित गरेको भएता पनि, हामी माध्यामिक तथा उच्च विद्यालयका विद्यार्थीहरूलाई भर्चुअल रिमोट लर्निङको विकल्प प्रदान गर्न FLEX Academy लाई विस्तार गरिरहेको छौं । भर्चुअल विकल्प FLEX Academy को विस्तारित रूप हुनेछ तर यो प्रत्येक विद्यालयसँग जोडिएको हुनेछ ।

DCSD को समुदायबाट शैक्षिक वर्ष 2021-2022 का सम्बन्धमा विचार तथा रायहरू सङ्कलन गर्ने प्रयास स्वरूप, डिस्ट्रिक्टले अप्रिल 27-29 सम्म क्षेत्रीय/सामुदायिक बैठक आयोजना गर्नेछ । कृपया तल प्रदान गरिएको समयतालिका अनुसार आफ्नो पात्रोमा चिन्ह लगाउनुहोस् र भर्चुअल बैठकहरूमा उपस्थित हुने योजना बनाउनुहोस् ।

भर्चुअल बैठकहरूमा उपस्थित हुन, क्षेत्रमा क्लिक गर्नुहोस् ।

| क्षेत्र | क्षेत्रीय सुपरिन्टेन्डेन्ट | मिति | समय |
|---|---|---|---|
| क्षेत्र 1 | सुश्री Melanie Pearch | 27-अप्रिल | 6:00 |
| क्षेत्र 2 | श्री Trenton Arnold | 28-अप्रिल | 6:00 |
| क्षेत्र 3 | डा. Sean Tartt | 29-अप्रिल | 6:00 |
| क्षेत्र 4 | डा. Antonette Campbell | 29-अप्रिल | 6:00 |
| क्षेत्र 5 | डा. Triscilla Weaver | 27-अप्रिल | 6:00 |
| क्षेत्र 6 | डा. Candace Alexander | 29-अप्रिल | 6:00 |
| क्षेत्र 7 | डा. Rodney Swanson | 29-अप्रिल | 6:00 |

## अङ्ग्रेजी भाषाका विद्यार्थीको कार्यक्रम

DCSD निरन्तर रूपमा हाम्रो अन्तर्राष्ट्रिय समुदायसँग जोडिरहेको छ । डिस्ट्रिक्ट विद्यार्थीहरू सफल र उत्कृष्ट बन्न सकुन् भन्नका लागि अङ्ग्रेजी भाषाका विद्यार्थीहरूका परिवारहरूले आवश्यक श्रोतसाधनहरू प्राप्त गर्छन् भनेर सुनिश्चित गर्न प्रतिबद्ध छ ।

प्रभावकारी ELL कार्यक्रम बनाउने कार्यलाई निरन्तरता दिन, डिस्ट्रिक्टले *La Vision को साथमा* पहिलो पटक हिस्पानिक TV तथा रेडियो कार्यक्रम प्रसारण गर्नेछ । यो मासिक कार्यक्रम La Vision रेडियो र फेसबुकमा हेर्न सकिन्छ ।

डिस्ट्रिक्ट प्यानलिस्टहरूको साथमा ELL कन्फरेन्समा पनि सहभागी हुनेछ जसले सञ्चारका रणनीतिहरू, पारिवारिक सहभागिता तथा सहायता सेवाहरूको बारेमा छलफल गर्ने छन् । हाम्रो अन्तर्राष्ट्रिय समुदायको साथमा मासिक जमघट सञ्चालन गर्नुका अतिरिक्त डिस्ट्रिक्टले डिस्ट्रिक्ट व्यापी अन्तर्राष्ट्रिय महोत्सव पनि आयोजना गर्नेछ ।

हामी अङ्ग्रेजी भाषाका हाम्रा विद्यार्थीहरूका परिवारहरूसँग महोत्सव मनाउन उत्सुक छौं !

## जर्जिया माइलस्टोन्स (Georgia Milestones)

यो महिना प्रायजसो धेरै विद्यार्थीहरूका लागि महत्त्वपूर्ण हुनेछ किनभने उनीहरू Georgia Milestones को ग्रेडको अन्तिम परीक्षामा सहभागी हुने छन् । म सबै विद्यार्थीहरूलाई परीक्षामा राम्रो गर्न प्रोत्साहित गर्छु ! परीक्षाको बारेमा चिन्ता नलिनुहोस् । डा. Benjamin Spock ले भनेको यो कुरा मनमा राख्नुहोस्, "आफू माथि विश्वास राख्नुहोस्, तपाईंलाई आफूले सोचेको भन्दा बढी कुरा थाहा हुन्छ ।"

## पृथ्वि दिवस

अप्रिल 22 मा, DCSD ले विद्यार्थीहरूका लागि उत्कृष्ट क्रियाकलापहरू सञ्चालन गरेर पृथ्वी दिवस मनाएको छ, Fernbank Science Center र हाम्रो Nutrition Services लाई धन्यवाद छ । मैले आशा गरेकी छु कि सबैजनाले पृथ्वीका लागि केही विशेष कार्य गर्न समय निकाल्नु भयो, जस्तो कि फूल वा रूख रोप्ने, रिसाइक्लिङ बिन सुर गर्ने, वा स्थानीय कृषि बजारबाट ल्याएर नयाँ फलफूल वा तरकारी लगाउने । हामीले हरेक दिनलाई पृथ्वी दिवसको रूपमा मनाउनु पर्दछ !

## प्रशासनिक कर्मचारी दिवस

अप्रिल 21 मा, हामीले डिस्ट्रिक्ट भरीका उत्कृष्ट प्रशासकहरूलाई सम्मान गर्यौं । म सबै प्रशासनिक कर्मचारीहरूलाई आफ्नो कामको लागि धन्यवाद दिन चाहन्छु । तपाईंको कडा मेहनत तथा समर्पणमा डिस्ट्रिक्टको सफलतामा प्रतिबिम्बित हुन्छ । धन्यवाद ! हामी तपाईं बिना यो काम गर्न सक्दैनौं !

तपाईंको सप्ताह राम्रोसँग बितोस् !